"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७६।०७७
चलानी नं. : २१०९

मिति : २०७७/०३/१५

## सम्पूर्ण कृषक वर्गहरुमा विशेष अनुरोध।

प्रस्तुत विषयमा मिति २०७७/०३/१३ गते बिहान सलह कीराले नेपाल प्रवेश गरेको र हाल काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न स्थानीय तहमा यसको उपस्थिति देखिएको जानकारी प्राप्त भएको छ। यस बीचमा विश्व खाद्य तथा कृषि संगठन (FAO)का विज्ञहरुसँग परामर्श गरी सलहका सम्वन्धमा प्राविधिक जानकारीहरु तयार गरी प्रकाशन भईरहेको छ र विभिन्न संचार माध्यमबाट प्रचार प्रसार भईरहेको छ। यस कीराको संख्या, अवस्था, फैलावट, क्षतिको आँकलन गर्न तथा यसको नियन्त्रण गर्न संघीय सरकार, प्रदेश सरकारहरु समन्वय भैरहेको छ। कृषि प्राविधिकहरुको सम्पर्क र समन्वयमा रही यस कीराको व्यवस्थापनमा सकृय रहन नमोबुद्ध नगरपालिका सदैव तयार रहेको कुरा सम्पूर्ण कृषक महानुभावहरुमा हार्दिक अनुरोध गर्दछ।

सलह किटको नियन्त्रण गर्ने केहि उपायहरु यस प्रकारका छन्:

१. हुललाई तितरबितर पार्ने-आगो बाल्ने, धुवा लगाउने आदि।
२. प्राकृतिक सिकारको प्रयोग- हाँस, छेपारो आदि (हाँसले प्रतिदिन २०० जतिको संख्यामा कीरा खान्छ)।
३. ध्वनीको प्रयोग गर्ने।
४. प्रजनन् गर्न सक्ने ठाउँ नष्ट गर्ने।
५. किटनाशक विषादीको प्रयोग, जैविक विषादी आदिको प्रयोग गर्ने।
६. सलह कीराको नियन्त्रणको लागि रासायनिक मालाथियन ३ मिलिलिटर वा क्लोरोपाईरिफस २ मिलिलिटर वा साईपरमेथ्रीन १ मिलिलिटर प्रतिलिटर पानिमा मिसाई छर्न सकिन्छ।
७. लसुन पानीको घोल वनाएर छर्किनाले समेत यसको केहि मात्रमा नियन्त्रण गर्न सकिन्छ।
८. विउहरुको ब्याडहरु सम्भव भएसम्म जालीले छोप्ने।
९. लामा डोरीहरू बारीको वारपार टाँगेर वोटहरु हल्लाउने।

*(यस सम्बन्धी थप जानकारी यसै साथ संलग्न पत्रमा रहेको व्यहोरा अनुरोध छ।)*

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल